ASIAN Life Insurance Company
सबैका लागि सधैंका लागि सुरक्षा...

प.सं.एशियन लाईफ च.नं./५२३८ /२०८२/०८३

मितिः २०८२/१०/१८

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषय : १८औं बार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज (Book Close) बारे ।**

महोदय ,

यस कम्पनीको मिति २०८२/१०/१८ गते अपरान्ह ३:०० बजे बसेको संचालक समितिको २१४औं बैठकको निर्णय नं.२, ३ र ४ अनुसार कम्पनीको आ.व.२०८१/०८२ को १८औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय** :
मिति : २०८२/११/११ गते सोमवार (तदनुसार, फेब्रअरी २३, २०२६)
स्थान : होटल क्लासिक सिमरा, बारा ।
समय : दिउसो १:०० बजे ।

| | |
|---|---|
| शेयर दाखिला खारेज मिति (Book Close Date) | २०८२/१०/२९ गते एक दिनका लागि बन्द गर्ने निर्णय गरियो । |

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष.२०८१/०८२ (NFRS बमोजिम ) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्वन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे ।

३. संचालक समितिबाट प्रस्तावित नगद लाभांश **५.५२६३%** (लाभांशमा लाग्ने कर समेत) ले हुन आउने रु.२७,६३,७९,८५०।९१ (अक्षरेपी सत्ताइस करोड तृसट्ठी लाख उनासी हजार आठ सय पचास रुपैंया एकानब्बे पैंसा मात्र) रकम वितरण गर्ने प्रस्ताव पारित गर्ने बारे ।

४. आर्थिक बर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।( हालका लेखा परिक्षक बि.के. अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्स पुनः नियुक्तिको योग्य हुन सक्ने ।)

**(ख) विशेष प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०८१/०८२ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.५,००,११,५९,२०७/– को बोनस शेयर ५% ले हुन आउने रु.२५,००,५७,९६०।३५ (अक्षरेपी पच्चीस करोड सन्ताउन्न हजार नौ सय साठी रुपैंया पैतिस पैसा मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. उल्लेखित बोनस शेयर वितरण पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने बारे ।

३. संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको प्रबन्धपत्रमा समयानुकूल आवश्यकता अनुरुप उद्देश्य थप तथा संशोधन गर्ने ।

४.कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१,२ र ३ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

ग) विविध

भवदीय,

(प्रकाश सिंह कठायत )
**कम्पनी सचिव**

**बोधार्थ:**

१.श्री नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
२.श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।
३.श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।
४.श्री सि डि एस एण्ड क्लियरीङ लि
पुतली सडक, काठमाण्डौ ।
५.श्री एनआईएमबी एस क्यापिटल लि.
लाजिम्पाट, काठमाण्डौ ।

**संलग्न: मिति २०८२/१०/१९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित हुने साधारण सभा सम्बन्धि सूचना यसै साथ संलग्न गरिएको छ ।**

# एशियन लाइफ इन्स्योरेन्स क. लि. को
## १८औं बार्षिक साधारण सभा बस्ने सूचना

यस **एशियन लाइफ इन्स्योरेन्स क.लि.** को मिति २०८२ साल माघ १८ गते अपरान्ह ३:०० बजे बसेको संचालक समितिको २१४औं बैठकको निर्णयानुसार १८औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न बिषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय :**

मिति : २०८२/११/११ गते सोमवार (तदनुसार, फेब्रअरी २३, २०२६)
स्थान : होटल क्लासिक सिमरा, बारा ।
समय : दिउसो १:०० बजे ।

**(क) सामान्य प्रस्तावहरू :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष.२०८१/०८२ (NFRS बमोजिम ) आषाढ मसान्त सम्मको वासलात, नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरू माथी छलफल तथा पारित गर्ने बारे ।
३. संचालक समितिबाट प्रस्तावित नगद लाभांश ५.५२६३% (लाभांशमा लाग्ने कर समेत) ले हुन आउने रु.२७,६३,७९,८५०।९१ (अक्षैंपी सत्ताइस करोड त्रिसठ्ठी लाख उनासी हजार आठ सय पचास रुपैंया एकानब्बे पैसा मात्र) रकम वितरण गर्ने प्रस्ताव पारित गर्ने बारे ।
४. आर्थिक बर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखा परिक्षक बि.के. अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्स पुनः नियुक्तिको योग्य हुन सक्ने ।)

**(ख) विशेष प्रस्तावहरू :**

१. आर्थिक वर्ष २०८१/०८२ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.५,००,११,५९,२०७/- को बोनस शेयर ५% ले हुन आउने रु.२५,००,५७,९६०।३५ (अक्षैंपी पच्चीस करोड सन्ताउन्न हजार नौ सय साठी रुपैंया पैतिस पैसा मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
२. उल्लेखित बोनस शेयर वितरण पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती गर्ने बारे ।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको प्रबन्धपत्रमा समयानुकूल आवश्यकता अनुरुप उद्देश्य थप तथा संशोधन गर्ने ।
४. कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१,२ र ३ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने तथा सम्बन्धित निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**ग) विविध**

## साधारण सभा सम्बन्धि सामान्य जानकारीहरू :

१. कम्पनीको शेयर दाखिला खारेजको काम यहि मिति २०८२/१०/२९ गते एक दिनका लागि बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द गरीएको मिति भन्दा अगावै अर्थात २०८२/१०/२८ गते सम्म शेयर खरिद गरी प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनआईएमबी एस क्यापिटल लिमिटेड, लाजिम्पाटमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरूले मात्र यस बार्षिक साधारण सभामा भाग लिन पाउने छन ।
२. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हलमा प्रवेशको लागि हितग्राही (BOID) खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारीक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।
३. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका सोहि दिन देखि १:०० बजेसम्म खुल्ला रहनेछ । शेयरधनीको उपस्थितीबाट प्रचलित ऐनको व्यवस्था बमोजिमसभाका लागि आवश्यक गणपुरक संख्या पुरा भएपश्चात सभाको कारवाही अगाडी बढाइने छ ।
४. छलफलका बिषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरूले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय लिखित रुपमा कम्पनी सचिव मार्फत संचालक समितिका अध्यक्षलाई सम्बोधन गरी प्रधान कार्यालय, मैतिदेवी काठमाण्डौमा दर्ता गर्नुपर्नेछ । त्यस्तो विषय उपयुक्त देखिएमा छलफलको लागि समावेश गरिनेछ ।
५. कुनै एक शेयरधनीले एक भन्दा बढि व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधीको हैसियतले सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ त्यसपछि आउने प्रोक्सी स्वतःबदर वा अमान्य हुनेछ ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फारम) भरी कम्पनीको प्रधानकार्यालयमा सभा शुरु हुनुभन्दा ४८ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ ।
७. एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यस पछि आउने प्रोक्सी स्वतःबदर वा अमान्य हुनेछ ।
८. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन चाहेमा शेयरधनीले सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाडी सो व्यहोराको लिखित पत्र प्रधान कार्यालय मैतीदेवीमा दर्ता गर्नु पर्नेछ ।
९. नावालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनीधि तोक्न सक्नुहुनेछ । तर संरक्षक आफैं संचालकमा उम्मेदवार हुन र आफु संरक्षक रहेको शेयरवालाको बाहेक अन्य शेयरवालाको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन ।
१०. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा आधिकारीक प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ । प्रोक्सीको हकमा पनि सोही व्यवस्था लागु हुनेछ ।
११. शेयरधनी महानुभावहरूलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाईनेछ । कुनै कारणबश उक्त पुस्तिका नपाउनु भएमा कम्पनीको प्रधान कार्यालय एशियन लाईफ भवन मैतिदेवी काठमाण्डौ तथा अधिराज्य भरी रहेका ५० वटा शाखा कार्यालयहरूबाट प्राप्त गर्न सकिनेछ । साथै सभाको सूचना र वित्तीय बिवरण कम्पनीको वेभसाईट www.asianlife.com.np मा समेत हेर्न र डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
१२. साधारणसभा सम्बन्धि थप जानकारीको लागि कम्पनीको प्रधान कार्यालय एशियन लाईफ भवन मैतिदेवी, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।
१३. सभा सम्बन्धि अन्य काम कारवाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कं. लि.


**प्रधान कार्यालय**
एशियन लाईफ भवन, मैतीदेवी-३०, काठमाण्डौं
फोन नं. ०१ ४५१०११५, ४५३०२७०
इमेल: asianlife@asianlife.com.np


www.asianlife.com.np